


# पदवहालीको १०० दिनको क्रियाकलाप र उपलव्धीहरु



**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री मा. शरत सिंह भण्डारी**

मिति २०८१ असार ३१ देखी कार्तिक ६ गते सम्म

# १०० दिनको महत्वपूर्ण कार्यहरु




## क्रियाकलापहरु

- विज्ञ समितिबाट **श्रम आप्रवासन नीति**को अन्तिम मस्यौदा प्राप्ती र विभिन्न सरोकारवाला संस्था तथा नागरिकबाट प्राप्त सुझावको अध्ययन भइरहेको।
- **आन्तरिक रोजगार प्रवर्द्धन दशक** सञ्चालनको तयारी ।
- **सामाजिक सुरक्षा कोषको पुनर्संरचना** र कोषबाट प्रवाह हुने सेवा सुविधामा सुधार गर्न पूर्व सचिव श्री केवलप्रसाद भण्डारीको संयोजकत्वमा कार्यदलले छलफल गर्दै ।
- **वैदेशिक रोजगार बोर्डको भूमिका र संरचनामा सुधार** लगायत आप्रवासनका सबै चरणमा कल्याणकारी कार्यका सम्बन्धमा सुझाव दिन पूर्व सचिव प्रताप पाठकको संयोजकत्वमा कार्यदल गठन भइ प्रतिवेदन तयार हुदै गरेको ।
- श्रमिकको **स्वास्थ्य परिक्षण तथा प्रभावकारी सेवा प्रवाह**मा सुधारका सम्बन्धमा अध्ययन कार्यदल गठन, प्रतिवेदन प्राप्तिको चरणमा।

- वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सामाजिक र आर्थिक पुनर्स्थापनाका लागि व्यवहारिक र कानुनी प्रावधानहरुको अध्ययन प्रतिवेदन प्राप्ती।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनर्संरचना सहितको निर्देशिका तयार ।
- नेपाली श्रमिकको हक हितका लागि श्रम सम्झौतामा राख्नु पर्ने विषयका सम्बन्धमा वृहत छलफल र रणनीतिक सुझाव प्राप्ती भइ समझदारीपत्रको खाका तयार भएको।
- सोहौं योजनाका लक्ष्य प्राप्तिका रणनीतिक योजना र प्रदेश र स्थानीय तहसंग छलफलको तयारी।
- श्रम स्वीकृति नभएका वा श्रम स्वीकृति नविकरण नभएका नेपाली नागरिकहरुलाई श्रम स्वीकृति दिने नीतिगत निर्णय। महिला श्रमिकको पुन:श्रम स्वीकृतिमा सहजिकरण।
- संयुक्त अरब इमिरेट्ससंग घरेलु कामदार सम्बन्धी नमूना आयोजना सञ्चालन गर्न तथा ओमानसंगको द्विपक्षीय समझदारी पत्रको अन्तिम मस्यौदा तयार भएको ।
- स्पेनसंगको श्रम समझदारी पत्रलाई अन्तिम रुप दिइएको।
- रोमानीया, जर्मनी र जापानसंग संयुक्त प्राविधिक कार्यदलबाट प्रोटोकल डकुमेन्ट तयार हुदै।
- वैदेशिक रोजगारीको क्रममा वा नेपाल फर्किएको एक वर्ष सम्म मृत्यू भएमा दशलाख क्षतिपूर्ति दिने गरी नियमावली संशोधन भएको ।

## नीतिगत र कानुनी सुधार

- श्रम स्वीकृति नभएका नेपाली श्रमिकको श्रम स्वीकृति र महिला श्रमिकको पुन:श्रम स्वीकृतिमा सहजिकरण गर्न नीतिगत निर्णय
- स्थानीय तहबाट तालिम सञ्चालन हुनका लागि युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१
- अभिमूखिकरण तालिममा देखा परेका समस्याहरुलाई न्यूनिकरण गर्न अभिमूखिकरण तालिम सञ्चालन कार्यविधि, २०७६ मा संशोधन
- एक सय जना कामदार नपठाउने इजाजतपत्रवालाहरुको अन्तिम पटकका लागि इजाजतपत्र नविकरण ।
- स्थानीय तहबाट महिलालाई श्रम बजारमा पहूँच बढाउन महिला लक्षित क्लव सञ्चालन गर्ने मापदण्ड २०८१
- वैदेशिक रोजगार (छैटौं संशोधन) नियमावली मिति २०८१/०६/१८ मा मन्त्रिपरिषद्बाट स्वीकृत ।
- वेदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि निशुल्क तालिम सञ्चालन गर्ने संस्थाको लागि आवश्यक न्यूनतम मापदण्ड (पहिलो संशोधन), २०८०

- प्रधानमन्त्री रोजगार कार्यक्रममा पुनर्संरचना तथा आगामी कार्यदिशा सम्बन्धी नयाँ निर्देशिका तयार
- कार्यस्थलमा आधारित तालिम सञ्चालन सम्बन्धी निर्देशिकाको मस्यौदा तयार

## प्रधानमन्त्री रोजगार कार्यक्रम र आन्तरिक रोजगार प्रवर्द्धन







- आन्तरिक रोजगार महाशाखाको स्थापनाको तयारी।
- न्यूनतम रोजगारीका लागि सूचिकृत बेरोजगार व्यक्तिको लागि ६२,२५९ जनाको कार्यस्थल सामूहिक बीमा गरिएको।
- सूचिकृत बेरोजगार व्यक्तिहरुलाई कार्यस्थलमा आधारित ज्याला सहितको सीपमूलक तालिम सञ्चालनका लागि कार्यविधि संशोधन गरी स्थानीय तहलाई पठाइएको।
- महिला लक्षित तयारी क्लव सञ्चालनका लागि स्थानीय तहलाई मापदण्ड तयार गरी क्लव सञ्चालनको स्थानीय तहलाई पत्राचार गरिएको।
- विभिन्न विपद्हरुमा तत्काल राहत उपलव्ध गराउने गरी स्थानीय तहले कामका लागि पारिश्रमिकमा आधारित आयोजना व्यवस्थापनमा कामका लागि पारिश्रमिक आयोजना सञ्चालन गर्न सकिने गरी कार्यविधिमा संशोधन गरिएको।
- आर्थिक वर्ष २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको अवस्था र कार्यक्रममा सुधारका लागि कोशी, मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशमा वार्षिक समीक्षा गरिएको।
- आगामी १० वर्षलाई आन्तरिक रोजगार प्रवर्द्धन दशकको रुपमा सञ्चालन गर्न आवश्यक रणनीति तयार भइरहेको।

आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम

**५०,८४,२१४**
रोजगार दिन



**६४,७३३**
जना लाभग्राही



**७९**
औषत रोजगारी दिन



**११,६१५**
सामूदायिक पूर्वाधार



## वैदेशिक रोजगार व्यवस्थापन





- वेदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्शका लागि ४४ जिल्लामा सञ्चालनमा रहेको आप्रवासी श्रोत केन्द्रलाई ७७ वटै जिल्लामा विस्तारका लागि ४८ जिल्लामा श्रोत केन्द्र स्थापना भइ सकेको र ११ जिल्लामा कर्मचारी छनौटको कार्य हुदै गरेको । अन्य जिल्लामा स्थापनाको लागि गृहकार्य भइ रहेको।
- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानमा सहजिकरण गर्न भैरहवा र पोखराबाट श्रम स्वीकृतिको व्यवस्था मिलाइएको।
- वैदेशिक रोजगार विभागलाई सातै प्रदेशमा विस्तार। इजाजतपत्रवाला संस्थालाई समेत प्रदेशमा शाखा विस्तारमा सहजिकरण।
- दक्षिण कोरिया (EPS) को श्रम सम्झौताको पुनरावलोकनका लागि संयुक्त कार्यदलले अन्तिम रुप दिदै। मलेसिया र स्पेनसँगको श्रम सम्झौतालाई अन्तिम रुप दिइ परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित सरकारलाई पठाइएको ।

- यु.ए.इ. संग घरेलु कामदार व्यवस्थापनका लागि नमूना आयोजना सञ्चालन गर्ने सम्बन्धी द्विपक्षीय श्रम समझदारीको अन्तिम मस्यौदा तयार ।
- ओमानसंगको द्विपक्षीय श्रम सम्झौताका लागि उच्चस्तरीय छलफल भइ प्रारम्भिक मस्यौदा ओमान पठाइएको । ओमानको कानुनी प्रक्रिया पुरा भइ नेपाल प्राप्त भए पश्चात मन्त्रिपरिषद्मा पठाइने।
- वैदेशिक रोजगारीमा जाने श्रमिकलाई कर्जा उपलव्ध गराउने सम्बन्धमा कार्यविधिको अन्तिम मस्यौदा तयार भएको ।
- सोहौं योजनाको लक्ष्य प्राप्तिका लागि वैदेशिक रोजगार लक्षित उद्देश्य प्राप्तिको लागि कार्ययोजना तयार।
- वैदेशिक रोजगारीमा जाने कामदारलाई आप्रवासी श्रोत केन्द्र र रोजगार सेवा केन्द्रको सहकार्यमा प्रविधिमा आधारित वैदेशिक रोजगार अभिमूखिकरण तालिम सञ्चालनको लागि तयारी भएको।

| १७२,७४२ | रु. १२,९१,७२,९०० | ३५१ | ७९९ |
|---|---|---|---|
| श्रम स्वीकृति | क्षतिपूर्ति भराइएको | विशेष अनुगमन | संस्थाको इजाजत नविकरण |

१५०,३५०

२२,३९२



## श्रम सम्बन्ध र व्यावसायजन्य सुरक्षा

९८६



बालश्रम निरिक्षण

७००



श्रम अडिट प्रतिवेदन

११०३



प्रतिष्ठान निरिक्षण

४६३





विदेशी नागरीकलाई श्रम स्वीकृति

## व्यावसायिक सीप विकास तालिम

- ❖ मधेस प्रदेशमा वहुउद्देश्यीय व्यावसायिक सीप प्रशिक्षण प्रतिष्ठानको निर्माणका लागि जग्गा प्राप्तिका सम्बन्धमा निर्णयार्थ भूमि व्यवस्थापन तथा अभिलेख विभागमा सक्कलै फाइल पेश भएको।
- ❖ कार्यस्थलमा आधारित व्यावसायिक तालिम सञ्चालन सम्बन्धी निर्देशिकाको अन्तिम मस्यौदामा छलफल भइरहेको।

**<u>व्यावसायिक तालिमका लागि प्रशिक्षार्थी छनौट हुदै</u>**




* भैंसेपाटीमा एडभान्स तालिम सञ्चालन भइरहेको।




EPS को लागि १३०६ जनाको पूर्व प्रस्थान अभिमूखिकरण तालिम सम्पन्न

## योगदानमा आधारित सामाजिक सुरक्षा

- सामाजिक सुरक्षा कोषमा रोजगारदाता सूचिकरणको लक्ष्य ३०० भएकोमा ४६६ रोजगारदाता सूचिकरण भएका।
- १ लाख ५० हजार व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने लक्ष्यमा १ लाख ९८ हजार ५६३ जना सूचिकरण भएका ।
- श्रमिक बीमा योजनालाई श्रमिकको १८ वर्ष नपुगेका छोरा छोरी समेतमा विस्तार।

### गत आ.व. २०८०/०८१ मा सामाजिक सुरक्षा कोष




११६५



नयाँ औपचारिक क्षेत्र रोजगारदाता

कूल योगदान रकम रु. १९ अर्ब ७७ करोड ९० लाख



दावी भुक्तानी २,३४,३८८ वटा


दावी भुक्तानी रकम रु. ४ अर्ब ७३ करोड ७१ लाख



# सुशासन प्रवर्द्धन तथा श्रम कुटनीति

- ❖ स्थानीय तहबाट एकीकृत श्रम तथा रोजगार सेवा प्रवाहका विभिन्न सरोकारवाला तथा विकास साझेदारसंग छलफल भएको।
- ❖ मन्त्रालय मातहत सञ्चालन भएका सूचना प्रणालीहरुलाई स्थानीय तह सम्म विस्तार गर्न कार्यदल गठन गरिएको।
- ❖ नेपाल जापान रोजगार सम्मेलनमा सहभागिता जनाइएको। भ्रमणका क्रममा जापानको समकक्षी तथा विभिन्न उच्चपदस्थ नेतृत्वसंग छलफल भएको। जापानलाई नेपालको प्रमुख रोजगारीको गन्तव्यको रुपमा विकास गर्न पहल भएको।
- ❖ Global Compact for Migration को National Strategic Implementation Framework स्वीकृत भएको।
- ❖ मन्त्रालयको सचिवको अध्यक्षतामा National Forum for Migration and Development गठन।
- ❖ FEMIS को स्तरोन्नतीको लागि कार्यशर्त तयार हुदै गरेको ।
- ❖ स्थानीय तहमा एकीकृत सूचना प्रवाहको लागि आइ.टि. कार्यदलले विस्तृत अध्ययन गर्दै।








# भावी कार्यदिशा

- ❖ आन्तरिक रोजगारलाई व्यवस्थापन गर्न छुट्टै महाशाखाको स्थापना
- ❖ आन्तरिक रोजगार प्रवर्द्धन दशकको अभियान सञ्चालन
- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनर्संरचना
- ❖ सोहौं योजना कार्यान्वयनको लागि रणनीतिक रुपान्तरणकारी योजनाको तर्जूमा र कार्यान्वयन
- ❖ सङ्घ, प्रदेश र स्थानीय तह बीच प्रभावकारी समन्वय र सहकार्य
- ❖ प्रभावकारी अन्तरमन्त्रालय समन्वय र सहकार्य
- ❖ स्थानीय तहबाटै नागरिकलाई सबै श्रम तथा रोजगार सेवा प्रवाह
- ❖ वैदेशिक रोजगार बोर्डको पुनर्संरचना र प्रभावकारी सेवा प्रवाह
- ❖ वैदेशिक रोजगारलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्न श्रम सम्झौताको पुनरावलोकन, विस्तार र नियमित संयुक्त प्राविधिक समितिको बैठक
- ❖ वैदेशिक रोजगार सम्बद्ध ऐन र कानुनहरुमा पुनरावलोकन
- ❖ वैदेशिक रोजगारको क्रममा समस्यामा परेकाहरुको समयमै राहत उद्धारका लागि प्रभावकारी सन्यन्त्रको निर्माण
- ❖ वैदेशिक रोजगार बोर्डमा Revolving Fund र उद्धार कोषको स्थापना
- ❖ सामाजिक सुरक्षा कोषको लगानीको क्षेत्र र समग्र दायरा विस्तार
- ❖ श्रमको सम्मान राष्ट्रको अभियानको पुनरावलोकन गरी प्रभावकारी तवरले अभियान सञ्चालन
- ❖ वेदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीको स्तरोन्तती
- ❖ एकीकृत श्रम बजार व्यवस्थापन प्रणाली निर्माणको प्रारम्भिक कार्य